गोडैता नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

# नीति तथा कार्यक्रम

आ.व.२०८०/०८१

**गोडैता, सर्लाही**

**मधेस प्रदेश , नेपाल**

मितिः२०८०/०३/१०

गोडैता नगरपालिकाका उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, नगर सभा सदस्यहरु, आदरणीय अतिथिज्युहरु, जिल्लास्थित कार्यालयका प्रमुखहरु, सल्लाहकार, विभिन्न संघ संस्थाका प्रमुख तथा प्रतिनिधिहरु, पत्रकार तथा संचारकर्मीहरु, यस नगरपालिकाका कर्मचारीहरु, सूरक्षा निकायका सुरक्षाकर्मीहरु ,उपस्थिति सम्पूर्ण महानुभावहरु लगायत एफ. एम. तथा फेसबुक लाईभ बाट प्रत्यक्ष प्रसारण सुनिरहनु भएका सम्पूण नगरवासीहरुलाई यस गोडैता नगरपालिकाको सातौ नगर अधिबेशनमा हार्दिक स्वागत गर्दछु ।

**गरिमामय नगरसभाका सदस्यहरु,**

गोडैता नगरपालिकाको आर्थिक वर्ष २०८०/८१ को नीति तथा कार्यक्रम यस गरिमामय नगर सभाको बैठकमा प्रस्तुत गर्न पाउदा मलाई अत्यन्त खुशी लागेको छ ।आदरणीय यस गोडैता नगरबासी आमा, बुवा, दाजुभाई, दिदी बहिनीहरु लगायत सबैमा हार्दिक आभार प्रकट गर्दछु । यस अवसरमा नेपाली जनताको अथक प्रयास, चाहना, विभिन्न कालखण्ड र समय समयमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्र र संघीयताको लागि २००७ सालको कान्ति, २०४६ सालको जन आन्दोलन, २०६२/६३ को जन आन्दोलन, मधेश, थरुवट आन्दोलन लगायत जन स्तरवाट भए गरेका जन संघर्षमा आफ्नो अमुल्य जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु । साथै विभिन्न आन्दोलनका घाइते तथा वेपता योद्धाहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस नगरको विकास, सुधार र समृधिका लागि नेपालको संविधान तथा संघीय, प्रदेश कानून र स्थानीय सरकार संचालन ऐन २०७४, दिगो विकास लक्ष्य २०१५ देखि २०३०, जनसंख्या तथा विकास सम्मेलन १९९४ द्वारा प्रदत्त हक, अधिकार, जवाफदेहिताको प्रचलन गर्न तथा कानूनतः निर्देशित काम, कर्तब्य र दायित्व निर्वाह गर्न हामी प्रतिबद्ध छौ ।

गोडैता नगरको "कृषि, स्वास्थ्य, शिक्षा तथा स्वरोजगार गोडैता नगरपालिकाको समृधिको आधार" सफल पार्न हामी सबैको पहिलो कर्तब्य हुनेछ । कृषिमा आधारित जीवन र अर्थतन्त्र गोडैता नगरको पहिलो सम्भावना रहेको छ । कृषिलाई बैज्ञानिक, यान्त्रिक, व्यवसायीक बनाउदै जाँदा यसले स्वरोजगार प्राप्त गर्न सक्ने क्षेत्रको रुपमा परिचित हुनेछ । कृषि सित सम्बन्धित सबै व्यवस्थापन हाम्रो प्रस्थान विन्दु बनेको छ । सेवाग्राहीले सरल र सहज तरिकाले सेवा प्राप्त गर्ने हकलाई सुनिश्चित गर्न सुचना र प्रविधिको उच्चतम प्रयोग गर्न अनिवार्य छ । स्वच्छ, सफा र हरियालीयुक्त पर्यावरण विकास गरि गोडैतालाई सामाजिक न्यायमा आधारित समाज बनाउने हाम्रो ध्येय रहेको छ ।

आन्तरिक सुशासन र सवल प्रशासनको विकासबाट हामीले अख्तियार गरेको नीति तथा कार्यक्रमहरुको प्रभावकारी कार्यान्वन हुने भएकोले यो नीति तथा कार्यक्रम त्यसतर्फ नै निर्देशित रहेको छ ।

जनता संग प्रत्यक्ष सम्बन्ध र सम्पर्क रहने नगरपालिकाको प्रशासनिक भवन निर्माण, वडा कार्यालयहरुको क्षमता विकास, श्रोत साधनमा बृधि र प्रणालीको विकास गर्ने नीति अवलम्बन गर्न प्रस्ताव गरिएको छ । शिक्षा, स्वास्थ्य, रोजगारी, उधमशिलता, सामाजिक विकास, मानवसंसाधन विकास, इतिहास, लोक संस्कृति, सम्पदा र सभ्यताको संरक्षण, सम्बर्धन र प्रबर्धन गर्न, युवा तथा खेलकुद, भौतिक पूर्वाधार विकास, बजार व्यवस्थापन, सार्वजनिक यतायात, खानेपानी तथा सरसफाई, विपद व्यवस्थापन, न्यायनिरुपण, मानव अधिकार प्रवर्धन, सबै खाले हानिकारक सामाजिक

अभ्यासहरू विरुद्ध, वाल अधिकार संरक्षण र प्रवर्धन, लैङ्गीक तथा यौनिक अल्पसंख्यकको सवाल निरुपण जस्ता विषयगत क्षेत्रहरुका लागि विशेष नीति तथा कार्यक्रम प्रस्ताव गरेको छु ।

अगामी आर्थिक वर्षको लागि प्रस्तावित नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वन गर्न आम नगरवासी तथा सबै पेशा, व्यवसायमा आवद्ध महानुभावहरुको सहयोग, समन्वय र सहकार्य प्राप्त हुने कुरामा हामी विस्वस्त रहेको छु ।

**आर्थिक वर्ष २०७९/०८० को नीति तथा कार्यक्रमको समिक्षाः**

१) यस नगरपालिकाको स्वास्थ्य सेवालाई थप गुणस्तरीय कायम गर्न प्रदेश सरकारको सहयोगमा प्रयोगशालाको स्थापना गरि व्यवस्थित रुपमा संचालनमा ल्याईएको छ ।

२) यस नगरपालिका भित्रका प्रत्येक गर्भवति आमाहरु स्वास्थ्य बर्थिङ्ग सेन्टरमा प्रसुती गराउन प्रोत्साहन स्वरुप नगरपालिकाले Ambulance संचालनमा ल्याई प्रत्येक गर्भवतीलाई प्रसुती गराउन स्वास्थ्य संस्था सम्म ल्याउने र घर सम्म पुर्याउन निशुल्क व्यवस्था मिलाईएको छ।

३) लैंगिक समानता तथा सामाजिक समावेशीकरण नीति बनाई कार्यान्वयनमा ल्याईएको छ ।

४ नगरपालिकाको सम्पूर्ण सेवा प्रवाहलाई लैङ्गिक मैत्री अपाङ्गमैत्री तथा बालबालिकामैत्री बनाउन नगरपालिकाको आफ्नै प्रशासनिक भवन निर्माणको व्यवस्था भएको छ ।

५ यस गोडैता नगपालिकाको नगरबासीहरु स्वास्थ्य सेवालाई मध्यनजर गर्दै संघ सरकारको वित्तिय सहयोगमा १५ शैयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ ।

६ यस गोडैता नगरपालिकाको शिक्षा क्षेत्रमा सुधार ल्याउन भौतिक संरचनाको अवस्थालाई सबल बनाइनेछ

- बेणी भोला नमुना माविको भवन निर्माण भएको
- जनता नमुना मावि सिमराभगवतीपुर माविको भवन निर्माण भएको
- जगन्ननाथ राजकुमारी अधारभुत विद्यालयको भवन निर्माण भएको
- जनता माध्यमिक विद्यालय रामवनको भवन निर्माणाधिन अवस्थामा रहेको
- बैधनाथ मा वि मधुवनीको बिधालयको भवन निर्माणाधिन अवस्थामा रहेको
- नारायण हरि मा वि तथा अवधसिया आधारभुत बिधालयको भवन निर्माण प्रकृया अघि बढाइनेछ ।

७ कृषि उत्पादनलाई अभिवृधि गर्न गहुँको बीउ , धानको बीउ तथा मोटर स्यालो ट्यूबेल यान्त्रिक उपकरणहरु वितरण गरिएको ।

**गरिमामय सभाका सदस्यज्युहरु तथा उपस्थित सम्पूर्ण महानुभावहरु:**

अव म आर्थिक वर्ष २०८०/०८१ नीति तथा कार्यक्रम यस गरिमामय नगरसभाको बैठक समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

## दिर्घकालिन सोच

गोडैता नगरपालिकाको "कृषि, स्वास्थ्य, शिक्षा तथा स्वरोजगार गोडैता नगरपालिकाको समृधिको आधार" अनर्तगत परिकल्पना गरेको कृषि स्वास्थ्य शिक्षा रोजगार समावेशी दिगो विकास भन्ने मुल मर्मयुक्त विकास प्रेमी सोच नै यस बजेट र निति तथा कार्यक्रमको दिर्घकालिन सोंच रहनेछ यसको लागी सम्पूर्ण नगरबासीहरुलाइ नगर विकास तथा समृद्धिको मुल मार्गमा समाहित गर्दै अघि बढने गोडैता नगरपालिकाको मुल आवश्यकता रहेको छ ।

## उदेश्य

आर्थिक सामाजिक रुपान्नतर सहित न्यायपूर्ण समतायुक्त र समृद्धिमुलक गोडैता नगरपालिका निर्माणको दिगो विकासमा टेवा पुर्याउनु यस बजेट निति तथा कार्यक्रम मुख्य उदेश्य हुनेछ ।

## प्राथमिकताको क्षेत्रहरु

शिक्षा स्वास्थ्य सम्बन्धि सुचकहरुमा सुधार सहकारी तथा निजि क्षेत्रको भुमिकामा गुणात्मक सुधार सुचना तथा प्रबिधिको विकास स्थानिय भौतिक पूर्वाधारको निर्माण , कृषि वन तथा वातावरण क्षेत्रको विकास , मानविय सुचकको विकास लैङ्गिकतामा आधारित न्यापूर्ण र समतामूलक विकास नै यस बर्षको योजनाको प्रमुख प्राथमिकताका क्षेत्रहरु रहनेछ ।

## कृषि तथा पशु पक्षी नीति:

१. गोडैता नगरपालिकाको कृषि क्षेत्रलाई आर्थिक विकासको मेरुदण्डको रुपमा विकास गरिने छ ।
२. व्यवसायिक तथा आत्मानिर्भर खेतीको लागी कृषकहरुलाई दक्ष तथा कुशल प्रशिक्षकदारा तालिमको व्यवस्था गराइनेछ।
३. बालीनालीमा किटनाशक विषादीको अत्यधिक प्रयोगले जन स्वास्थ्य तथा उर्वर भुभागमा पर्दै गएको प्रतिकुल प्रभावलाई न्यूनीकरण गर्न जैविक विषादीको उत्पादन र प्रयोग गर्नका लागी किसानलाई प्रोत्साहन गरिनेछ ।
४. सिचाई सुविधा सबै कृषि योग्य जमिनमा पुर्याउनका लागि कमब्ध रुपमा सिचाईको लागी बिधुत सेवा बिस्तार गरिनेछ र स्यालो टयूबेल जडानको व्यवस्था मिलाइनेछ ।
५. कृषि कार्यलाई सहज बनाउनको लागी कृषकहरुलाई साना र मझौला उपकरणहरु अनुदानमा उपलब्ध गराइनेछ ।
६. कृषि तथा पशु पक्षी फर्म संचालन गर्ने किसानलाई प्राबिधिक तालिम, प्राबिधिक सहयोग र उत्पादित वस्तु बजारीकरण गर्न सहयोग उपलब्ध गराइनेछ।
७. उखु किसानलाई उखु बेचीको रकम भुक्तानीमा सहजीकरण गरिनेछ ।

८. कृषि तथा पशु पक्षी फर्म संचालन गरी जिविको पार्जन तथा रोजगारी सृर्जना गर्न ईच्छुक युवाहरुलाई विशेष अनुदान र बैंक तथा वित्तिय संस्थाहरुबाट सहुलियतपुर्ण ऋणको व्यवस्था मिलाउन सहयोगार्थ भुमिका नगरपालिकाले नर्वाह गरिनेछ ।

९. यस गोडैता नगरपालिका भित्रको कृषि क्षेत्र थप व्यवस्थित बनाउन तरकारी , धान गहुँ , उखु जस्ता संभावित खेती पाकेट क्षेत्र निर्धारण गरी विभिन्न किसिमको प्रोत्साहन स्वरुपको कार्यक्रम संचालन गरिनेछ ।

१०. यस न.पा. को मुख्य खाद्यबालीको रुपमा रहेका धान र गहु बालीको उत्पादन अभिबृद्धी गर्नको लागी उन्नत जातका बिउ सहुलियत दरमा उपलब्ध गराउने व्यवस्था मिलाइनेछ।

११. पशुपन्छीहरुलाई संरक्षण तथा प्रवर्द्धन गर्न कृत्रिम गर्भाधान मिसंन कार्यक्रम संचालान गरिनेछ

१२. कृषि,पशुपन्छी तथा मत्स्य तथ्यांक अध्यावधिक कार्यक्रम संचालन गरिनेछ।

१३. आ.व.२०७९/०८० मा स्थापना भएका कृषि तर्फका साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरता दिइनेछ।

१४. गँहु उत्पादनलाई प्रवर्द्धन गर्न किसानहरुलाई ५०% अनुदानमा दिदै आएको अनुदानमा आधारित गँहु बीउ वितरण कार्यक्रमलाई यस आ.व.मा पनि निरन्तरता दिईनेछ।

१५. यस न.पा.मा आ.व.२०८०।०८१ मा उखु किसानहरुलाई उखु उत्पादन अभिबृद्धि गर्न उखु विकास पकेट कार्यक्रम संचालन गरिनेछ।

१६. कृषकहरुलाई सम्मान तथा वर्गीकरण सहितको कृषक पहिचान अर्थात किसान परिचय पत्र वितरण गरिनेछ ।

१७. चैते धान तथा रैथाने खेती गर्ने कृषकलाई खेती गरेको क्षेत्रफलको आधारमा विशेष प्रोत्साहनको व्यवस्था मिलाईनेछ

१८. रसायनिक मल खाध तथा बिषादीको प्रयोगमा कमी ल्याउन जैबिक बिषादीको प्रयोग प्राङ्गारिक मल कम्पोष्ट मल जैबिक मल प्रयोग गर्न कृषकहरुलाइ प्रशिक्षण तथा प्रोत्साहन गरिनेछ ।

१९. नगरपालिका क्षेत्र भित्र कृषि उपजलाइ बृद्धि गर्न नहर नाला डिप बोडिङ्ग जडान गरी सिचाइ उपलब्ध गराउनेछ

२०. यस गोडैता नगरपालिका भित्रका कृषकहरुलाई मलखादको सुलभ उपलब्धताको लागी आवश्यक कदम चालिनेछ

२१. सिचाइको लागी विधुतिकरण कार्य गर्न पहल गरिनेछ ।

२२. कृषि बिधुतीकरण पश्चात कृषकहरुका लागी कृषि मिटर निशुल्क गरिनेछ ।

२३. सिचाइको लागी डिप बोरिङ्ग **Asian Development Bank** को सहयोगमा **Tender** प्रकृयामा रहेको व्यहोरा यस सभालाइ जानकारी गराइन्छ ।

## स्वास्थ्य तथा जनसंख्या नीति :

**१. ज्येष्ठ नागरिकको स्वास्थ्यलाई मध्यनजर गर्दै गत आ.व. २०७८/०८० देखि संचालन भैरहेको नगरप्रमुख संग ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा कार्यक्रमलाई व्यवस्थित , प्रभावकारी एवं सुदृढिकरण गर्न मासिक रूपमा घरदैलो सेवा संचालन गर्ने र सो गरे वापत प्रति संस्था मासिक रू ३०००।- को दरले खाजा खर्च उपलब्ध गराउदै सो कार्यक्रमलाई निरन्तरता दिएको छु ।**

**२. नगर प्रमुख संग ज्येष्ठ नागरिक घरदैलो स्वास्थ्य सेवा संचालन मार्फत दीर्घकालिन रोगको औषधी उपचारमा नागरिक द्वारा गरिने आफ्नो स्वास्थ्य उपचारमा गरिने खर्चलाई न्यूनिकरण गर्न ययोचित बजेटको विनियोजन गरिनेछ ।**

३. नेपाल सरकारले ल्याएको स्वास्थ्य विमा कार्यक्रममा सम्पूर्ण नागरिकलाई आवद्ध गराई स्वास्थ्य सेवामा सम्पूर्ण नागरिकको पहुच पुरयाउने उदेश्यले नगरवासीलाई स्वास्थ्य विमा गराउने र सो को लागी विमा गराउदा लाग्ने शुल्कको ५०% नगरपालिकाले ब्यहोर्ने निति ल्याएको छु ।

४. सुरक्षित मातृत्व पालिका घोषणा गर्न , मातृ मृत्युदर शुन्यमा झार्न , हरेक गर्भ ईच्छित र हरेक शिशुको जन्म सुरक्षित बनाउन , पूर्ण संस्थागत सुत्केरी स्थानिय तह बनाउनका लागी **"हेलो सिस्टर"** कार्यक्रमको साथै सो सम्बनिध थप कृयाकलापहरू संचालनमा ल्याईनेछ ।

५. पूर्ण खोप दिगोपना कार्यलाई निरन्तरता दिएको छु ।

६. **Digital Family Health folder** कार्यक्रम संचालन गरिनेछ ।

७. स्वा. सेवाका अभिलेख तथा प्रतिवेदन प्रणालीलाई ब्यवस्थित तथ्यपरक र विश्वसनिय बनाउन बिधुतिकरण सहितको सुचना अभिलेख प्रतिवेदन प्रणाली स्थापना गरिने छ ।

८. किशोर किशारी मैत्री स्वास्थ्य सेवा केन्द्र संचालन भइरहेको स्वास्थ्य संस्थामा कार्यक्रमलाई ब्यवस्थित गर्न थप सुद्वढिकरण गर्ने तथा नभएको स्वास्थ्य संस्था समेत सेवा बिस्तार गर्दै जानेछ ।

९. नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक बिधालयहरूमा किशोर किशोरी मैत्री सुचना केन्द्र स्थापना तथा संचालन गरिनेछ ।

१०. परिवार नियोजन सेवामा पहुँच नभएको समुदायलाई तालिम प्राप्त स्वास्थ्यकर्मीहरू संग समीक्षा गर्ने तथा त्यस्ता समुदायमा सेवा पहुँच र विस्तार गर्न अन्तरकृया संचालन गर्ने।

११. स्वास्थ्य कार्यक्रमहरू प्रभावकारी रुपले संचालन गर्न महिला स्वास्थ्य स्वंम सेविकाहरूलाई क्षमता अभिबृद्धि गर्दै प्रोत्साहनको ब्यवस्थापन गरिने छ । साथै स्वास्थ्य आमा समुहलाई सकृय बनाउन आवश्यकता अनुसार तालिम गोष्ठी आयोजना गर्नुको साथै नियमित मासिक आमा समूहको बैठकको लागी खाजाको समेत ब्यवस्थापन गरिनेछ ।

१२. स्वास्थ्य सेवालाई प्रभावकारी एवंम गुणस्तरिय स्वास्थ्य सेवा प्रवाहका लागी सामुदायिक वडा नर्स कार्यक्रम सुचारू गरिने छ ।

१३. बालमैत्री स्थानिय तह घोषणा गर्न आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ ।

१४. नगरपालिकाबाट संचालन हुने सम्पूर्ण एम्बुलेन्सलाई ब्यवस्थित गरिनेछ ।

१५. **VPD (Vaccine Preventable Disease ) Surveillance** गर्न आवश्यक कृयाकलापहरू संचालन गरिनेछ ।

१६. स्वास्थ्य सेवालाई पारदर्शिताको लागी सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा सामाजिक परीक्षण **(Social Audit)** गरिनेछ ।

१७. कुपोषण मुक्त स्थानिय तह घोषणाको लागी आवश्यक सम्पूर्ण कार्यक्रमहरू संचालन गरिनेछ ।

१८. आवश्यकता अनुसार आँखा , दन्त , मुटुरोग , हाडजोर्नी ,स्त्रीरोग , परिवार नियोजन तथा पाठेघर जस्ता शिविरहरू संचालन गरिनेछ

१९. स्वस्थ जिवनका लागी आहार , विहार र बिचार परिवर्तन गराउने अभियान सहित योग शिविर संचालन गरिनेछ ।

२० महामारी तथा रोग नियन्त्रण कार्यक्रम ब्यवस्थित ढंगले संचालन गरिनेछ ।

२१. विपद व्यवस्थापन गर्न क्षमता अभिबृद्धिको साथै विभिन्न सरकारी एवंम गैर सरकारी निकायहरू संग समन्वय गर्दै स्थानिय आपतकालिन संचालन केन्द्रलाई व्यवस्थित बनाईनेछ ।

२२. मातृ तथा बाल मृत्युदरलाई न्यून गर्न , सुरक्षित प्रसुति सेवाको सुनिश्चितता गर्न संचालनमा रहेको बर्थिङ्ग सेन्टरलाई थप सुद्धढिकरण गर्न तथ्य आवश्कतानुसार थप बर्थिङ्ग सेन्टर स्थापना गर्ने ।

२३. प्रदेश जनस्वास्थ्य प्रयोगशाला र यस न.पा. बिचको समन्वय र सहयोगमा आधारभुत स्वास्थ्य सेवा केन्द्र गोडैता वडा नं. ७ मा संचालित प्रयोगशालालाई **Referal** प्रयोगशालाको रूपमा विकसित गर्नुको साथै स्वास्थ्य चौकी सिसौटियामा संचालित प्रयोगशालालाई समेत स्तरोन्नती गरिनेछ ।

२४. गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न स्वास्थ्यकर्मीको क्षमता अभिबृद्धि तथा स्वास्थ्य संस्थाहरूको ,भौतिक पूर्वाधार निर्माण र सुधार गर्दै लगिनेछ ।

२५. उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गरिनेछ ।

२६. दीगो विकास लक्ष्यलाई मध्यनजर गर्दै विभिन्न सरकारी एवंम गैर सरकारी संघ संस्थाहरू संग समन्वय गर्दै थप कृयाकलापहरू संचालनमा ल्याईनेछ ।

२७. क्षयरोग मुक्त पालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरू संचालन गरिनेछ ।

२८. पोषणमैत्री स्वास्थ्य संस्था र वडा घोषणा कार्यक्रम संचालन गरिनेछ ।

२९. यस नगरपालिकामा कार्यरत सम्पूर्ण , महिला सामूदायिक स्वास्थ्य स्वंमसेविकाको कामको उच्च मूल्याङ्कन गर्दै प्रोत्साहन स्वरूप १/१ थान साईकल वितरण गरिनेछ ।

३०. प्रदेश जनस्वास्थ्य प्रयोगशालाको समन्वयमा वडा नं.७ गोडैतामा जनस्वास्थ्य प्रयोगशाला स्थापना भई संचालनमा ल्याईएको साथै सिजेरिईयन अप्रेशनको लागी चिकित्सक सहितको टोलीको व्यवस्था गरिनेछ ।

## शिक्षा निति

१. विधालय उमेर समुहका सबै वालवालिकाहरुलाई १००% विधालय भर्ना सुनिश्चित गरिने कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

२. विधार्थी शिक्षक अनुपात मिलाउन स्वमसेवक शिक्षकहरु भर्ना गरि गुणस्तरीय सिकाइ र व्यवस्थापन सुनिश्चित गरिनेछ|

३. केन्द्र बाट छनोट भएका नमूना विद्यालय ,विशेष विद्यलयको कमागत भवन निर्माण तथा कक्षा ११ स्तरोन्ती भएका प्राविधिक धार विद्यालयको ल्याब व्यवस्थापन गरिनेछ ।

४. आधारभुत तह कक्षा ६-८ र माध्यमिक तह ९-१२ मा अंग्रेजी ,गणित र विज्ञान विषयमा शिक्षण सहयोग मार्फत शैक्षिक गुणस्तर अभिवृद्धि गरिनेछ ।

५. शैक्षिक पँहुच सुनिश्चितता, अनौपचारिक तथा वैकल्पिक शिक्षा कार्यक्रमको व्यवस्था गरिनेछ ।

६. यस नगरपालिकाको यूवा तथा बालबालिकाहरुलाइ विभिन्न किसिमको खेलको माध्यमबाट खेल प्रतिको भावना उच्च मनोबल बढाइने र खेलको माध्यमबाट सहज सिकाइको व्यवस्था मिलाइनेछ ।

७. सामुदायिक विद्यालका छात्राहरुको लागी वितरण गर्दै आएको निःशुल्क स्यानिटरी प्याड कार्यक्रमलाइ निरन्तरता दिइनेछ ।

८. गोडैता नगरपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुमा शिक्षक , विद्यार्थी उपस्थिती, सिकाई उपलब्धी ,बालमैत्री विद्यालय, निरन्तर विद्यार्थी मूल्यांकन, विद्यालय सुधार योजना निर्माण तथा कार्यान्वयवन र

वातावरणमैत्री विद्यालय आदी सूचकका आधारमा शैक्षिक गुणस्तर एवम् कार्यसम्पादनमा आधारित प्रोत्साहन कार्यक्रमको व्यवस्था गरिनेछ ।

९. विद्यार्थी टिकाउदर बढाउन विद्यालय स्तरमा तोकिएको विद्यार्थीहरको लागी संचालनमा रहेको दिवाखाजा कार्यक्रम लाई निरिक्षण अनुगमन गरी थप व्यवस्थित बनाई गुणस्तरिय र प्रभावकारी रुपमा संचालन गरिनेछ ।

१०. शैक्षिक सुधारको निम्ति अभिभावक शिक्षक र बिधार्थी बिच शैक्षिक गोष्ठी मार्फत शिक्षण सिकाईलाइ व्यवस्थित बनाउन बिशेष ध्यान दिईनेछ ।

११. शिक्षकहरुको पेशागत-विकासको लागी शैक्षिक सामाग्री शिक्षक निरर्देशिका तथा अन्य आवश्यक सामाग्री उपलब्ध गराईनेछ ।

१२. विद्यार्थीहरुको भाषिक तथा तार्किक क्षमता बढाउनको लागी गर्दै आएका कृयाकलापहरुलाई यस अर्थिक बर्षमा पनि निरन्तरता दिइनेछ ।

१३. आधारभुत तथा माध्यमिक तहमा अध्ययनरत बिधार्थीहरुको प्रशासनिक अभिरुचि तथा समान्य ज्ञान लाई अभिबृद्धि गर्न पुस्तक वितरण गरिनेछ ।

१४. सार्वजनिक विद्यालयहरुमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृती प्रदान गरिनेछ ।

१५. हरेक माध्यमिक तहका विधालायहरुमा कम्प्युटर ल्याब र पुस्तकालय स्थापना गरिनेछ ।

१६. हरेक माध्यमिक तहका विधालायहरुमा किशोर किशोरी मैत्री सुचना केन्द्र स्थापना गरिनेछ।

१७. सबै विधालयको कम्पाउण्ड वाल, गेट, रंगरोगन, बहु प्रयोग हुने खाले महिला पुरुष चर्पी, पार्क, शुद्ध खानेपानीको व्यवस्था सुनिश्चित गरिनेछ।

१८. नगरभित्र संचालित बिधालयहरुको स्तरोन्नती गर्न आधुनिक सुबिधा सम्पन्न कक्षाकोठाको व्यव्थापन गर्न आवश्यक शैक्षिक सामाग्रीको व्यवस्था मिलाइनेछ , प्रबिधियुक्त शिक्षण सिकाइ कृयाकलाप संचालन्न गर्न Digital Board लगायतका सुचना प्रबिधिमैत्री सामाग्रीहरुको व्यवस्था मिलाइनेछ ।

१९. उत्कृष्ट प्र.अ., विधालय, कर्मचारी, शिक्षकहरुलाई पुरस्कार एवम सम्मानको व्यवस्था गरिनेछ।

२०. यस पालिका भित्रका सबै निजि विधालायहरुको लागत तायर पार्ने, कानून बमोजिम संचालन भएको नभएको, पछाडी पारिएको समुदायहरुको वालवालिकाहरु पढाए नपढाएको, शुल्क निर्धारण एवम् गुणस्तरीय शिक्षा कायम भएको सुनिश्चित गरिनेछ।

२१. नगरभित्र संचालित बिधालयहरुको शैक्षिक तथ्याङक संकल्न प्रशोधन तथा आवश्यक सुचना प्रवाह गर्न E-MIS सम्बन्धि तालिम र कम्प्यूटर सम्बन्धी तालिम संचालन गरी शैक्षिक सुशासन कायम गरिनेछ ।

२२. नगरभित्रका गरिब जेहेन्दार बिधार्थीहरुलाइ बिधालय शिक्षा तथा उच्च शिक्षामा पहुँच सुनिश्चित निश्चित मापदण्डको आधारमा सार्वजनिक बिधालयबाट SEE मा A+ ग्रेड ल्याउने बिधार्थीहरुलाइ उच्च शिक्षा हासिल गर्न रु २५०००। प्रोत्साहन स्वरुप दिइनेछ । बिधालय शिक्षामा पहुँच बढाउन दलित अपाङ्ग तथा अति विपन्न बिधार्थीहरुलाइ स्टेशनरी लगायतका सामाग्रीहरु उपलब्ध गराइनेछ ।

२३. यस नगर क्षेत्र भित्रका प्रशिक्षार्थीहरुलाइ प्रतिस्पर्धात्मक परीक्षामा छनौट भइ राज्य संचालन प्रकृयामा सहभागीता कायम गर्न कक्षा संचालनको व्यवस्था गरिनेछ ।

२४. श्री वेणी भोला नमूना मा वि वा श्री जनता नमूना मा वि भगवतिपुरलाई स्तरोन्नती गरी स्नातक तह कक्षा संचालनका लागी प्रकृया अगाडी बढाइनेछ ।

२५.श्री नारायण हरि मा वि मनहर्वा सिसौटियमा प्राबिधिक शिक्षा संचालन गर्न आर्थिक पहल गरिनेछ

## लैंगिक समानता तथा समाजिक समावेशिकरण निति

१. लैंगिक समानता कायम गर्न र लैंगिक हिँसा उन्मुलन गर्न सबै उपायहरु अवलम्बन गरिनेछ|
२. वाल विवाह सहित समाजमा सबै खाले हानिकारक अभ्यासहरू उन्मुलन गर्न सबै उपायहरु अवलम्बन गरिनेछ|
३. लैंगिक समानता तथा सामाजिक समावेशिकरण नीति बनेको छ त्यसलाई अनुमोदन गरि सिफारिस भएका कार्यक्रमहरु कार्यान्वन गरिनेछ|
४. न्यायिक समिति लाइ थप प्रभावकारी बनाइ सामाजिक न्यायलाइ सुनिश्चित गरिनेछ |
५. लैंगिक समानता तथा सामाजिक समावेशिकरण सुनिश्चित गर्न विषय विज्ञ लाइ सम्पर्क व्यक्ति तोकी यस क्षेत्रका कार्यलाई प्रभावकारी ढंगले अगाडी बढाइनेछ |
६. यस पालिकाबाट दिइने सेवा तथा अवसरहरुमा लैंगिक सन्तुलन कायम गर्न नीति अवलम्बन गरिनेछ |
७. पछाडी पारिएका समुदायहरुलाई साकारात्मक विभेद मार्फत क्षतिपुर्तिको व्यवस्था गरिनेछ |

## भौतिक पूर्वाधार विकास सम्बन्धि निति

१. एक वर्ष भित्रमा यस नगर क्षेत्रमा रहेका सडक,पुल, नाला, सिचाई नहर, कुलो, खानेपानी, भवन, सडक वत्ति, कल्भर्ट तथा अन्य संरचना हरुको डिजिटल लगत तयार पारिनेछ |
२. अगामी आर्थिक बर्ष भित्र नगरपालिकाको प्रशासनिक भवन निर्माण कार्य सम्पन्न गरी सेवा प्रवाहको व्यवस्था आफ्नै प्रशासनिक भवनबाट मिलाइनेछ |
३. सिचाई सुविधा पहुच बढाउँन नगर भित्र का सबै कुलो, नहरको निर्माण र मर्मत गरि पूर्ण रुपमा संचालनमा ल्याइनेछ|
४. सबै वडा कार्यालयहरुको भवन सेवाग्राही मैत्री बनाइनेछ |
५. नगरभित्रका सम्पूर्ण सडकहरुलाई क्रमशः कालोपत्रे र आरसीसी ढलान गरिनेछ |
६. नगरभित्र सबै सडकहरुलाई मापदण्ड बमोजिम फराकिलो बनाइनेछ |
७. नगरभित्र सबै वस्तीहरुमा सडकको दुवै किनारमा क्रमशःपक्कि नाला निर्माण गरिनेछ |
८. हुलाकी सडकबाट गोडैता बजार हुदै रामवन सिसौटसम्मको बाकि काम पुरा गर्न सम्बन्धित निकायमा पहल गर्नेछ |
९. नगरभित्रका निर्माण भएका खानेपानी टंकी हरु संचालनमा ल्याइनेछ |
१०. गोडैता बजार भित्रका सडकलाई मापदण्ड बमोजिम फराकिलो बनाइ, नाला निर्माण, कालोपत्रे कार्य पुरा गरिनेछ |
११. नगरपालिकाको केन्द्र गोडैता बजारबाट चारै तिर जाने सडकहरु कालोपत्रे गर्न पहल गरिनेछ |
१२. गोडैता बजारका ट्राफिक जामलाइ समाधान गर्न निर्मित नाला माथि **RCC** ढकनको व्यवस्था गरिनेछ |
१३. गोडैता बजार भित्रका सडकमा पसल थाप्न, गाडी पार्किंग गर्न निषेध गरिनेछ |
१४. स्वास्थ्य सेवालाइ व्यवस्थित गर्न १५ सैयाको अस्पताल निर्माण कार्यलाइ समयमै सम्पन्न गराउन बिषेश निगरानी गरी कार्य अगाडी बढाइनेछ ।
१५. यस नगरपालिकाको बिभिन्न वडाहरुलाइ एक अर्का सँग जोडन सोरम खोलामा झोलुङ्गे पुल निर्माण गरिनेछ ।
१६. यस गोडैता न पा भित्र प्रत्येक बर्षायाममा आउने पानी निकासको गम्भीर समस्यालाई दृष्टिगत गर्दै पानी निकासको समुचित व्वस्थापन गरिनेछ ।

## उद्योग तथा रोजगारी तर्फ

- गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम उद्यमीको स्तरउन्नती (आवश्यकता तथा पहिचानका आधारमा पुनर्ताजगी र एडभान्स सीप विकास तालिम कार्यक्रम संचालन गरिनेछ
- गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम संचालन निर्देशिका,२०७७ बमोजिम लघु उद्यम विकास मोडेलमा नँया लघु उद्यमी सिर्जना गरिनेछ ।
- लघु उद्यम विकास कार्यक्रम अन्तर्गत सम्भाव्य उत्पादनको उत्पादकत्व र बजार प्रतिस्पर्धा बृद्धि गर्नका लागी कम्तिमा ५ जनाको समुहमा प्रविधि हस्तान्तरण कार्यक्रम संचालन गरिनेछ ।
- संविधान तथा स्थानीय सरकार संचालन ऐनले दिएको अधिकारको अधिनमा रही सबै प्रकारका उद्योगहरुको व्यवस्थापनको लागि एकीकृत नीति तर्जुमा गरी व्यवस्थित गरिनेछ ।
- प्रधानमन्त्रि रोजगार कार्यकम मार्फत सुचिकृत बेरोजगार व्यक्तिहरुलाई कम्तिमा १०० दिन रोजगारीको व्यवस्था मिलाईनेछ ।
- रोजगार सेवा केन्द्रमा सुचिकृत बेरोजगारका लागी शिप विकास तालिम संचालन गरिनेछ ।
- बैदेशिक रोजगारमा जान चाहने सम्भावित कामदारहरुलाई अभमिुखिकरण कार्यकम मार्फत क्षमता विकास गरिनेछ ।
- बैदेशिक रोजगारीमा गई शिप तथा अनुभव हासिल गरी स्वदेश फर्केका यूवाहरुलाई स्वंमसेवकका रुपमा परिचालन गरी लघुउधम जस्ता व्यवसाय संचालन गरिने व्यवस्था मिलाईनेछ ।

## भवन,आवास तथा सहरी विकास तर्फ

- आवास व्यवस्था कार्यक्रम अन्तर्गत आ.व.२०८०/०८१ मा गोडैता नगरपाकलिकाको सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि बनाई लक्षित वर्गको लागी कार्यक्रम संचालन गरिनेछ । ।
- भवन निर्माण संहिता मापदण्ड बनाई कडाईका साथ कार्यान्वयनमा ल्याइनेछ ।
- गोडैता न.पा. ३ भगवतिपुरमा तराई मधेश समृद्धि कार्यकम अर्न्तगत ३० वटा सुरक्षित पक्की भवन निर्माण गरी हस्तनान्तरण गरिएको छ ।

## साहित्यकला , साँस्कृति र पर्यटन

- बजिक्का भाषाको संरक्षण,प्रवर्द्धन र उत्थानको लागी कवि सम्मेलन तथा नगरपालिका भित्रका बालबालिकाहरुको लागी बजिक्का भाषाको किताब छपाइ बितरण गरिनेछ ।
- समाजमा विद्यमान छाडा संस्कृति निरुत्साहित गर्दै मौलिक, हितकारी, सांस्कृति मुल्य मान्यताको विकासका लागी नगरपालिकाको तर्फबाट विषेश पहल गरिनेछ ।
- नगरपालिका भित्र रहेका ऐतिहासिक पुरातात्विक महत्वका सम्पदाहरुको अभिलेखिकरण, प्रवर्द्धनका लागी आवश्यक रणनीति तय गरिनुका साथै त्यस्ता सम्पदाहरुको संरक्षण र विकासको लागी आवश्यक कदम चालिनेछ ।

- यस न.पा. भित्र संचालन हुने विभिन्न, सांस्कृतिक खेलकुद, मेला लाई पर्यटन प्रवर्द्धन गर्न मेलालाई महोत्सवको रुपमा आयोजना संचालन गरिनेछ ।
- यस नगरक्षेत्र भित्र रहेका बाबा कामेश्वरनाथ मन्दिरको सौन्दर्यकरण गरी पर्यटकिय आकर्षणको रुपमा विकास गरिनेछ ।

## सहकारी क्षेत्र

- सहकारी संस्थाहरुको सुदृढीकरण, विकास र प्रवर्द्धनको लागि नियमित अनुगमन, नियमन र निरीक्षणको व्यवस्था मिलाइनेछ ।
- सहकारी मार्फत कृषि क्षेत्र सम्बन्धित उत्पादन, प्रशोधन तथा बजारीकरणको विकास तथा प्रवर्द्धनको लागि पहल गरिनेछ ।
- वित्तिय सेवा तथा प्राविधिको पहुच्च विस्तार गर्न सहकारी शिक्षा तथा शीपमुलक कार्यक्रम संचालन गरिनेछ ।
- गोडैता नगरपालिका भित्रका सहकारी संस्थाहरुले आफ्नो कार्यक्षेत्र नभएका वडाहरुमा पनि आफ्नो उत्पादनको बजारीकरणका लागी बिकी डिपो राख्न सक्ने व्यवस्था गरिनेछ ।

## वातावरण तथा विपद व्यवस्थापन

- विपद व्यवस्थापनको लागि विपद व्यवस्थापन कोषको व्यवस्थित रुपमा संचालन गरिनेछ ।
- विपद प्रतिकार्य योजना अनुरुप विपद व्यवस्थापन कोष संचालन कार्यविधि लागु गरी विपदमा परेको नागरिहरुलाई क्षतिपुर्तीको आधारमा वर्गीकरण गरी सहयोग उपलब्ध गराइनेछ ।
- विपद परेको समयमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा गोडैता नगरपालिकाको स्वास्थ्य कर्मचारी लगायत अन्य व्यक्तिहरुको सहकार्य तथा समन्वयमा गठन भएका स्पेशल टास्क फोर्स लाई व्यवस्थित रुपमा कार्यान्वयनमा ल्याईनेछ ।
- जलबायू परिवर्तनको मध्य नजर गर्दै यस नगरपालिका भित्र वृक्षारोपन कार्यलाई विशेष प्राथमिकताका साथ निरन्तरता दिइनेछ ।
- प्लाष्टिकको झोला तथा प्लाष्टिकजन्य वस्तुहरुको उपभोगमा न्यूनीकरण गर्ने नीति बनाई कार्यान्वयनमा ल्याइनेछ साथै प्लाष्टिक झोला मुक्त नगरपालिका घोषणाको विशेष पहल गरिनेछ ।
- नगरपालिकाको सुन्दरता र वातारणीय स्वच्छताको लागि फोहोरमैला व्यवस्थापनलाई प्रभावकारी बनाइनेछ ।
- नगरपालिका क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण गरी र निर्माण भएका शौचालयहरुलाई व्यवस्थित रुपमा संचालनको व्यवस्था मिलाईनेछ ।
- बिपद संभावित क्षेत्रको पहिचान गरी रोकथामका लागी आवश्यक कार्य गरिनेछ ।
- भौतिक संरचना वा भौतिक पूर्वाधार निर्माण प्रकृयामा वातावरणलाई मध्य नजर गर्दै योजना तथा कार्यकम छनौट गर्न प्रेरित गरिनेछ ।
- वातावरण संरक्षणका लागी अन्य सरकारी निकाय , गैर सरकारी निकाय र विकास साझेदारहरु संग समन्वय गरी विकासका कार्यकम अघि बढाईनेछ ।

- यस गोडैता नगरपालिकालाई धुवारहित नगरपालिका घोषणा गर्न अपाङ्ग , दलित र अति विपन्न वर्गका व्यक्तिहरुलाई २०% अनुदानमा बैकल्पिक उर्जाको उपयोग गर्न प्रेरित गर्ने व्यवस्था मिलाईनेछ ।

## सामाजिक विकास

- अति विपन्न, अनाथ एवम् असहाय महिला, बालबालिका गरिब तथा बालबालिकामा आपत विपत परेका र अन्य विभिन्न कारणले आफ्नो भाग्यलाई दोष दिई आत्मगलानीमा बाच्न बाध्य नागरिकको जीवन रक्षाको लागि तत्काल औषधी उपचार, राहत वा उद्धारका लागि राहत कार्यविधी बनाई कार्यान्वयनमा ल्याइने छन् ।
- सामाजिक क्षेत्रका कार्यक्रम संचालन गर्दा स्थानीय सरकारी तथा गैर सरकारी संघ संस्थाहरु सँग साझेदारी र सहकार्य गरिनेछ ।
- जेष्ठ नागरिक तथा अन्य लक्षित वर्गका लागि विभिन्न कार्यक्रम तथा स्वास्थ्य सुविधाको लागि निःशुल्क स्वास्थ्य शिविर संचालन गरिनेछ ।
- सामाजिक सुरक्षा भत्ता वितरणमा सहजता ल्याउन आवश्यकता अनुसार अन्य बैंक सँग सम्झौता गरी भत्ता वितरण कार्यलाई प्रभावकारी बनाइनेछ ।
- अपाङ्ग परिचय-पत्र वितरण कार्यलाई सहज सुलभ बनाइनेछ र जेष्ठ नागरिक परित्रय पत्र वितरणलाई सम्बन्धित वडावाट वितरण गर्ने व्यवस्था गरिनेछ ।
- नगर भित्र हुने विभिन्न अपराधिक गतिविधी जस्तै चोरी डकैती लागु औषध, दुरव्यसानी लैङ्गिक तथा घरेलु हिंसालाई रोक्न नेपाल प्रहरी न्यायिक समिति लगायत अन्य साझेदार निकाय सँग समन्वय गरी आवश्यक कदम चालिनेछ ।
- नगर प्रमुख संग जेष्ठ नागरिक स्वास्थ्य कार्यकमलाई प्रभावकारी बनाई व्यवस्थित रुपमा संचालनको व्यवस्था मिलाईनेछ ।
- लैङ्गिक तथा यौनिक अल्पसंख्यकको तथ्याङ्क संकल्न गरी क्षमता विकासको लागी अभिमुखिकरण कार्यकम संचालन गरिनेछ ।
- समाजमा बिधमान दण्डहिनता एवंम आपराधिक गतिबिधिहरुलाई नियन्त्रण गर्न लागु पदार्थ , दुर्व्यसन बिरुद्ध सशक्त कार्यकमहरु संचालन गरिनेछ ।

## उपभोक्ता हित संरक्षण

- बजार अनुगमन समिति मार्फत गोडैता नगरपालिका भित्र संचालन भएको होटेल, खाद्य सामाग्री पसल लगायत जनताले उपभोग गर्ने अन्य खाद्य सामाग्रीको विक्रि वितरणमा कडाईको साथ अनुगमन गरी उपभोक्ताको हित प्रवर्द्धन गरिनेछ ।
- खाद्य वस्तु तथा सेवाको मुल्य सूची सबै उपभोक्ताले देखिने गरी उपयुक्त स्थानमा राख्ने व्यवस्था ल्याइनेछ ।

## राजश्व क्षेत्र

- नगरपालिकाको आन्तरिक श्रोत व्यवस्थापन तथा राजश्व परिचालनका लागी राजश्व प्रशासनमा सुधार गरिनेछ । राजश्व प्रशासनलाई चुस्त, सरल, प्रविधमैत्री एवम् करदाता मैत्री बनाईनेछ । कर चुहावटका क्षेत्रको पहिचान गर्दै करको दायरा विस्तार गरी राजश्व संकलनमा वृद्धि गरिनेछ । साथै कर संकलनमा प्रोत्साहनको व्यवस्था गरिनेछ ।
- राजश्व प्रशासनमा आधुनिक प्रविधिको प्रयोग गरिनेछ । कर सुचना प्रणाली मार्फत राजश्व सम्बन्धी तथ्यांक अद्यावधिक गरिनेछ ।
- नगरवासीहरुले तिर्ने कर शुल्क नै नगर समृद्धिको आधार हो भन्ने तथ्यलाई मनन् गर्दै दिगो विकासका लागी श्रोत जुटाउनकर सरल , बैज्ञानिक र प्रभावकारी कर प्रणाली मार्फत नगरबासीहरुलाई करको दायरमा ल्याईनेछ ।
- राजश्व सुधार कार्य योजनालाई लागु गरी राजश्वका दायराहरु बढाईनेछ ।

## खेलकुद क्षेत्र

- खेलकुद क्षेत्रको विकासको लागीको विगत देखी नै संचालनमा रहेको मेयर कप क्रिकेट प्रतियोगिता लाई यस आर्थिक वर्ष २०८०/०८१ मा निरन्तरता दिइनेछ ।
- गोडैता नगरपालिका भित्रका विद्यालयहरुमा स्वास्थ्यका लागी खेलकुद, मर्यादित र अनुशासित समाजका लागी खेलकुद नाराको सार्थकताको लागी प्रत्येक विद्यालयहरुमा नियमित खेलकुद संचालन गर्न नगरपालिकाको शिक्षा शाखा मार्फत आवश्यक अनुगमन र पहल गरिनेछ ।
- गोडैता न.पा.वडा नं. ७ मा रहेका ऐलानी जग्गामा खेलकुद मैदानको लागी आवश्यक पहल गरिनेछ ।

## सुशासन तथा संस्थागत विकास

- नगरपालिकावाट प्रवाह हुने सेवा प्रवाहलाई चुस्त दुरुस्त र नतिजा उन्नमुख बनाउन साथै नगरपालिकामा सुशासन प्रवर्द्धन गर्नका लागि गोडैता नगरपालिकामा कार्यरत कर्मचारीहरुका लागि समय सपेक्ष तालिम तथा क्षमता विकासमा जोड दिइनेछ ।
- सार्वजनिक सुनवाई सामाजिक परिक्षण तथा सार्वजनिक लेखा परिक्षण कार्यलाई निरन्तरता दिइनेछ ।
- नगर कार्यपालिकाको कार्यालय तथा वडा कार्यालयहरुबाट प्रवाह गरिने सेवा सुचना प्रविधि मैत्रीमा आधारित बनाईनेछ ।
- सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, छिटो र छरितो बनाउनुको साथै सेवा प्रवाहमा हुने अनियमिता, भष्ट्राचार , भोलीबाद , प्रकृयामूखी झण्झट जस्ता समस्या समाधान गर्न नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहरुमा अनिवार्य रुपमा नागरिक वडापत्र कडाई साथ लागु गरि कार्यान्वयनमा ल्याइनेछ ।
- गोडैता नगरपालिकाको कार्य सञ्चालनलाई प्रभावकारी बनाउन, उपलब्ध स्रोत साधनको परिचालन एवं प्रयोगमा पारदर्शिता, मितव्ययिता र प्रभावकारिता ल्याई आर्थिक सुशासन कायम गर्न तथा उत्पादनमुलक तथा प्रतिफलयुक्त क्षेत्रमा लगानी अभिवृद्धि गर्न गोडैता नगरपालिकाको कार्यसञ्चालन निर्देशिका, २०८० बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- खर्चको विवरण बेबसाइट मार्फत सार्वजनिकिकरण गरिने प्रणालीको विकास गरिनेछ ।

- योजना तथा कार्यक्रम अनुगमनको बार्षिक कार्य तालिका र सुचक निर्माण गरी परिणाममुखी अनुगमनलाइ प्राथमिकता दिइनेछ । योजनाहरुको अनुगमन प्रणालीमा स्थानिय सरोकारवालहरुको सहभागीतालाइ सुनिश्चित गरिनेछ ।
- नगरपालिकको सार्वजनिक श्रोत साधन र काम कार्यवाहीको कुशल व्यवस्थापन गरी नगरवासीले प्रत्यक्ष अनुभुति गर्ने गरी जवाफदेही पारदर्शी समावेशी स्वच्छ र प्रबिधिमैत्री बनाउदै सुशासन कायम गरिनेछ ।
- कर्मचारीको कार्य क्षमता बढाउन कर्मचारीमैत्री वातावरण भैतिक श्रोत साधनको व्यवस्था कर्मचारीको सेवाको सुरक्षा लगायतका बिषयलाइ व्यवस्थित गरिनेछ ।
- नगरपालिकाद्धारा बनेका कानूनका पूर्ण पालना गरी बिधिको शासन कायम गरिनेछ ।

सम्मानित सभाका सदस्यज्यूहरु

अब म आर्थिक बर्ष २०८०/०८१ को अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गइरहेछु ।

## आ.व.२०८०/०८१ को आय अनुमान

| | | | |
|---|---|---|---|
| **संघिय सरकारको अनुदान** | बितिय समानिकरण | १२,९७,००,००० | १२ करोड ९७ लाख । |
| | सर्शत अनुदान पुजिगत | १,९७,००,००० | १ करोड ९७ लाख । |
| | सर्शत अनुदान चालु | २६,४९,००,००० | २६ करोड ४९ लाख । |
| | सम्पुरक अनुदान पुजिगत | ५०,००,००० | ५० लाख |
| | बिशेष अनुदान पुजीगत | १,५०,००,००० | १ करोड ५० लाख |
| | **जम्मा अनुदान** | ४३,४३,००,००० | **कुला जम्मा ४३ करोड ४३ लाख** |
| **प्रदेश सरकारको अनुदान** | बितिय समानिकरण | ९५,३४,००० | ९५ लाख ३४ हजार |
| | सर्शत अनुदान पुजिगत | ० | ० |
| | बिशेष अनुदान पुजिगत | ३०,००,००० | ३० लाख । |
| | समपुरक अनुदान पुजिगत | २०,००,००० | २० लाख । |
| | **जम्मा अनुदान** | १,४५,३४,०००। | **१ करोड ४५ लाख ३४ हजार** |
| **आन्तरिक आम्दानी** | | | |
| **राजश्व बाडफाड** | संघिय | १०,७०,३४,००० | १० करोड ७० लाख ३४ हजार । |
| | प्रदेश | १,२५,००,००० | १ करोड २५ लाख |
| | मालपोत | १,५०,००,००० | १ करोड ५० लाख |
| | आन्तरिक आय | ८२,७५,००० | ८२ लाख ७५ हजार |
| | **जम्मा अनुदान** | १४,२८,०९,००० | **१४ करोड २८ लाख ९ हजार** |
| **कुल जम्मा** | | ५९,१६,४३,००० | **५९ करोड १६ लाख ४३ हजार** |

यसरी आ.व.२०८०/०८१ को कुल बजेट रु.५९ करोड १६ लाख ४३ हजार मध्ये पूजीगत तर्फ रु.१८ करोड ३९ लाख ३४ हजार र चालु तर्फ रु.४० करोड ७७ लाख ९ हजार विनियोजन गरिनेछ ।

**आदरणीय महानुभावहरु !**

अन्तमा, प्रस्तुत नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि सबैको सहयोग, सहकार्य र स्वामित्व अपरिहार्य छ । यसको सफल कार्यान्वयनको लागि सम्पूर्ण सरकारी निकायहरु, विभिन्न राजनीतीक दलहरु, निजी तथा सहकारी क्षेत्र लगायत सबैको सदभाव, सहभागिता र सहयोग हुने विश्वास व्यक्त गर्दै सम्मानित नगर सभावाट रचनात्मक सुझाव सहित नीति तथा कार्यक्रम पारित हुनेछ र नगरपालिका भित्र सडक अतिकमण गरी चौपाया नबाध्न , ढलानमा घुर नबाल्न , दाउरा र पराल नराख्न , खुल्ला शौचालय नगर्न अनुरोध गर्दै, गोडैता नगरपालिकामा ट्राफिक प्रहरीको व्यवस्थाका साथै बिना हेलमेट मोटरसाईकल नचलाउनुहुन अनुरोध का साथै गोडैता नगरपालिकामा ईलाका प्रहरी कार्यालय स्थापनाका लागी सुरक्षा समितिबाट गुह मन्त्रालयमा आवश्यक पहल गरिनेछ भन्ने हार्दिक अपेक्षाका साथ बिदा लिन्छु ।

**धन्यावाद !**